जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक १७० • २०८२ चैत्र २८ गते शनिवार • 11 Apr. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## महोत्तरीको एकडारा गाउँपालिका-५, गेना बथनाहाका ६८ वर्षीय रामवरण यादवको पीडा

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २७ चैत्र**

प्रादेशिक अस्पताल जनकपुरधामको सघन कक्ष (आईसीयू) अगाडि बसेका महोत्तरीको एकडारा गाउँपालिका-५, गेना बथनाहाका ६८ वर्षीय रामवरण यादवको पीडा शब्दमा बयान गर्न कठिन छ। आँखा भरि आँसु पार्दै उहाँ भन्नुहुन्छ, "डाक्टरले यहाँ उपचार सम्भव छैन, बाहिर लैजानु भनेका छन्। तर मसँग पैसा छैन ।

छोरालाई बचाउन सक्ने अवस्था छैन, टुलुटुलु हेरेर रुनु बाहेक केही गर्न सकेको छैन ।"बुबा रामवरण यादवले भकानिँदै भन्नुहुन्छ, "डाक्टरले दुर्घटना भएको भोलि पल्टै बिहान यहाँ उपचार सम्भव छैन बाहिर लानु उपचारको लागि छोरालाई भने पनि मसँग पैसा छैन, कि छोरालाई अन्य ठाउँमा लगौं। मसँग पैसा छैन । आफन्त छिमेकी सबैलाई गुहारी रहेकोछु, पैसा खोजी रहेको छु। आज पैसाबिना मेरो छोरा मृत्युको मुखमा छ । म टुलुटुलु हेरेर रुदै बस्नु परेको छ ।" मंगलबार



महोत्तरीको जलेश्वर नगरपालिका र एकडारा गाउँपालिकाको सीमामा दुई मोटरसाइकल आपसमा जुध्दा ट्याङ्की विस्फोट भई आगलागी भएको थियो । एसईई परीक्षा दिएर घर फर्किरहेका विद्यार्थी सवार मोटरसाइकल दुर्घटनामा परेपछि भएको आगलागीमा तीन जनाको जलेर मृत्यु भएको थियो भने तीन जना गम्भीर घाइते भएका थिए । घाइतेमध्ये २० वर्षीय अजय कापरको अवस्था चिन्ताजनक छ । आर्थिक अभावका कारण उनको थप उपचार अन्यत्र गराउन नसकिएको परिवारले जनाएको छ । प्रारम्भिक उपचारपछि चिकित्सकले उनलाई थप विशेषज्ञ उपचारका लागि रेफर गरे पनि आवश्यक रकम अभाव हुँदा उनी अझै प्रादेशिक अस्पताल जनकपुरधाममै अचेत अवस्थामा छन् । बुवा रामवरण यादवका अनुसार दैनिक ज्याला मजदुरी गरेर परिवार चलाउँदै आएका उहाँ अहिले छोराको उपचार खर्च जुटाउन असमर्थ हुनुहुन्छ । "हामीलाई त दैनिक खर्च धान्न पनि गाह्रो छ, ठूलो अस्पताल लैजान कहाँबाट पैसा ल्याउनु ?" उहाँले दुखेसो पोख्नुभयो । अजयका आफन्तका अनुसार उनी पढाइसँगै गाउँमै मजदुरी गरेर परिवारलाई सघाउँदै आएका थिए । "अजय आफैं पनि कमाएर घर धान्थ्यो, आज पैसाको अभावमा उसैलाई बचाउन सकिरहेका छैनौं," उहाँको फुपु दुखियादेवी कापरले भन्नुभयो । दुर्घटनापछि मधेस प्रदेश सरकारका शिक्षा तथा संस्कृति मन्त्री रानी शर्मा तिवारीले घाइतेहरूको उपचार खर्च सरकारले व्यहोर्ने आश्वासन दिनुभएको थियो। तर व्यावहारिक रूपमा तत्काल आर्थिक व्यवस्थापन नहुँदा अजयको उपचार अझै अन्यत्र सार्न सकिएको छैन ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी उपरीक्षक हेरम्ब शर्माका अनुसार उक्त दुर्घटनामा परेर जलेश्वर नगरपालिका-६ का २० वर्षीय रबि दास, सोही ठाउँका सुभास दास र एकडारा गाउँपालिका-३ का अभिषेक मण्डलको जलेर मृत्यु भएको थियो। घाइतेमध्ये अजय कापर, रोहित दास र अभय कापर उपचाररत छन् । प्रहरीका अनुसार दुर्घटनापछि ट्याङ्की विस्फोट हुँदा दुवै मोटरसाइकलमा आगलागी भएको थियो, जसका कारण तीन जना विद्यार्थीको जलेर घटनास्थलमै मृत्यु भएको हो । प्रादेशिक अस्पताल जनकपुरधामका

बांकी पृष्ठ २ मा ।

## मधेश प्रदेशभर लागू हुने गरी थप ६ दिन बिदा दिने निर्णय




**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २७ चैत्र**

मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३ का लागि संघ सरकारले निर्धारण गरेको सार्वजनिक बिदाका अतिरिक्त प्रदेशभर लागू हुने गरी थप ६ दिन बिदा दिने निर्णय गरेको छ ।

प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशित गर्दै सांस्कृतिक तथा धार्मिक महत्वका पर्वहरूलाई लक्षित गरी थप बिदा स्वीकृत गरिएको जनाएको हो । निर्णयअनुसार बैशाख २ गते सिरुवा पावनी, कार्तिक ३० गते छठ पर्वअन्तर्गत उदाउँदो सूर्यलाई अर्घ्य दिने दिन तथा मंसिर २८ गते विवाहपञ्चमीका अवसरमा सार्वजनिक बिदा दिइनेछ ।

यसबाहेक प्रदेश सरकारले आवश्यकता अनुसार थप ३ दिन बिदा घोषणा गर्न सक्ने व्यवस्था पनि गरिएको छ । गृह, सञ्चार तथा कानुन मन्त्रालयका निमित्त प्रदेश सचिव गणेश नायकका अनुसार फागुन १८ गते प्रकाशित प्रदेश राजपत्र (खण्ड ७५, संख्या ६७, भाग ५) मा उल्लेख भएअनुसार बैशाख १ गतेदेखि चैत मसान्तसम्म लागू हुने गरी एक वर्षको अवधिमा संघीय बिदाबाहेक थप ६ दिन सार्वजनिक बिदा स्वीकृत गरिएको हो ।

## जनकपुरधाममा एक विद्यालयलाई कम्प्युटर सहयोग प्रदान

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २७ चैत्र**

सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर सुधार तथा डिजिटल साक्षरता अभिवृद्धि गर्ने उद्देश्यले जनकपुरधाममा एक विद्यालयलाई कम्प्युटर सहयोग प्रदान गरिएको छ ।

रोटरी क्लब अफ जनकपुरधामको सहयोगमा जनकपुरधामस्थित लक्ष्मण अखाडामा रहेको श्री जनता आधारभूत विद्यालयलाई एक थान कम्प्युटर सेट हस्तान्तरण गरिएको हो । कार्यक्रम मधेश प्रदेश सभाका सभामुख रामअशिष यादवको विशेष उपस्थितिमा सम्पन्न भएको थियो । कार्यक्रमलाई सम्बोधन गर्दै



सभामुख यादवले शिक्षालाई समृद्धिको मूल आधारका रूपमा व्याख्या गर्दै शिक्षा क्षेत्रको सुधारका लागि संघ, प्रदेश र स्थानीय तहबीच समन्वय र सक्रियता आवश्यक रहेको उल्लेख गरे । त्यसैगरी, रोटरी क्लब अफ जनकपुरधामका संस्थापक अध्यक्ष विजयकुमार झुनझुनवालाले विद्यालयमा बालबालिकाको सुविधाका लागि छिट्टै शौचालय निर्माण गरिने जानकारी दिए । क्लबका अध्यक्ष ललित बजाजको संयोजकत्वमा सम्पन्न कार्यक्रममा वडा अध्यक्ष अर्जुन चौधरी, विद्यालयका प्रधानाध्यापक कञ्चन झा, क्लबका पूर्वअध्यक्ष प्रमोद कुमार अग्रवाल, कार्यकारी निर्देशक प्रदीप दत्त, सदस्य रञ्जित अग्रवाल तथा समाजसेवी रेखा साहलगायतको उपस्थिति रहेको थियो ।

यसअघि पनि रोटरी क्लब अफ जनकपुरधामले जनकपुरधामकै सकल भवन कन्या माध्यमिक विद्यालयमा शौचालय निर्माण तथा शैक्षिक सामग्री सहयोग गर्दै आएको जनाएको छ ।









## -: स्तर मिल्दैन :-

*उसको स्तर मिल्दैन, उ तथानाम बोल्दैन,*
*उसलाई सोचेर गुमाउनु, उ बारबार मिल्दैन !*
*ऊ त मोटो श हो भाई, पातलो स होइन नि,*
*धैर्य देखिसक्यौ, बिना कारण मुख खोल्दैन !!*
*उसले बोलिसक्यो, जे बोल्यो बुझेरै बोल्यो,*
*बेला मौकामा उसको कुनै बोलि फेरिँदैन !*
*तिमी नमान न, कहिले पो मानेका थियौ र ?*
*उसको बोली शिलालेख हो कहिल्यै मेटिँदैन !!*
*तिमी चिच्याउँछौ, उ सधैँ शान्त स्थीर हुन्छ,*
*तिमी बुझ्दैनौ तिम्रो उसको संस्कार मिल्दैन !*
*अनगिन्ती अनुहारहरुको रङ्ग छ तिमिमा,*
*तँ हरुको कुनै भाव उसमा कहिल्यै घुल्दैन !!*
*समयको धुलो उसको उज्यालो ढाक्नसक्छ,*
*दुनियाँ सामु उसको चमक कहिल्यै मेटिँदैन !*
*हे मेरा दाजुभाई ! उसलाई सोचेर गुमाउनु,*
*एकचोटी टाढा भएपछी फेरि फेरि भेटिँदैन !!*
*तपाईं हरु भन्नुहुन्छ, नयाँ छानि हेर्छौं हेर्नुस,*
*मैले त धेरै हेरिसके, अहँ अब मरे हेरिँदैन !*
*आत्मियताको कुरा आत्मैले बोले मैले त,*
*बोल्दा बोल्दा थाके म, अझै किन टेरिदैन ??*
*ऊ मौन बसेर चुपचाप सुन्छ भन्दैमा साथी,*
*बिना कारण खरी खोटी सुनाउन पाईदैन !*
*तिम्रा काण्ड कसको नजरमा छन लुकेका?*
*त्यसको आक्रोश उसमा खन्याउन पाईदैन !!*
*उसकै पुर्खाले दिएको हो तिम्रो स्वाधिनता,*
*उसको ईतिहास देसको सम्मान त्यसै मेटिदैन !*
*एकपल्ट गृहयुद्ध को आगो सल्किसके पछि,*
*भताभुङ्ग देसमा फेरि कहिल्यै शान्ती भेटिदैन !!*
*देशका आधारहरू भाषणले मात्र टिक्दैनन,*
*गलत चाल चलिए इतिहास सधैं दोहोरिँदैन !*
*अन्तिम पल्ट भन्छु, उसलाई सोचेर गुमाउनु,*
*मुर्खताले गुमाएको अवसर, फेरि जुरिँदैन !!*

**मोहनराज भट्टराई**
**अमरगढि-७, डडेल्धुरा**

# नाप नक्साअनुसार निर्माण कार्य गर्नुपर्ने मांग गर्दै स्थानीयवासीद्वारा गाउँपालिका कार्यालयमा ज्ञापनपत्र

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २७ चैत्र**

धनुषाको लक्ष्मनिया गाउँपालिका-४ स्थित सपहीचोक देखि कलिया ठाकुरको फुलबारी हुँदै रम्दैयासम्मको सडक नाप नक्साअनुसार निर्माण गरिनुपर्ने माग गर्दै स्थानीयवासीले गाउँपालिका कार्यालयमा ज्ञापनपत्र बुझाएका छन् ।



स्थानीय अजय यादवको नेतृत्वमा पुगेको टोलीले गाउँपालिका अध्यक्षसमक्ष ज्ञापनपत्र पेश गर्दै दीर्घकालदेखि उक्त सडक व्यवस्थित रूपमा निर्माण नहुँदा सर्वसाधारणले सास्ती खेप्नुपरेको गुनासो गरेको छ । उनीहरूले सडक निर्माणमा ढिलाइ हुँदा आवतजावत, शिक्षा, स्वास्थ्य तथा दैनिक जनजीवनमा समस्या भइरहेको बताएका छन् । ज्ञापनपत्रमा नाप नक्साअनुसार सडक निर्माण गराउनु स्थानीय सरकारको प्रमुख दायित्व भएको उल्लेख गर्दै सम्बन्धित निकायले तत्काल पहल गर्नुपर्ने माग गरिएको छ । स्थानीयहरूले पटक पटक आग्रह गर्दा पनि कुनै ठोस प्रगति नभएको भन्दै यसपटक बाध्य भएर औपचारिक रूपमा ज्ञापनपत्र बुझाउनुपरेको जनाएका छन् । यस विषयमा गाउँपालिका अध्यक्षले मागप्रति गम्भीर ध्यान दिँदै आवश्यक प्रक्रिया अगाडि बढाउने आश्वासन दिए । उनले सडक निर्माणका लागि प्राविधिक अध्ययन तथा बजेट व्यवस्थापन गरी काम अघि बढाइने बताए । स्थानीयवासीले चाँडो काम सुरु नभए थप आन्दोलनका कार्यक्रम घोषणा गर्ने चेतावनीसमेत दिएका छन् ।

# मधेश प्रदेश सरकारले लोककल्याणकारी विज्ञापनलाई व्यवस्थित र प्रभावकारी बनाउने उद्देश्यले ७० लाख रुपैयाँ विनियोजन गर्दै

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २७ चैत्र**

मधेश प्रदेश सरकारले लोककल्याणकारी विज्ञापनलाई व्यवस्थित र प्रभावकारी बनाउने उद्देश्यले ७० लाख रुपैयाँ विनियोजन गर्दै वितरण मापदण्ड तथा विषयवस्तु तय गरेको छ ।



आमसञ्चार प्राधिकरण मधेश प्रदेशको कार्यालयमा शुक्रबार बिहान बसेको लोककल्याणकारी विज्ञापन सिफारिश समितिको बैठकले विज्ञापन रकम बाँडफाँडदेखि सामग्री निर्माणसम्मका महत्वपूर्ण निर्णयहरू सर्वसम्मत रूपमा गरेको हो । बैठक संयोजक ज्योति झाको अध्यक्षतामा सम्पन्न भएको हो । बैठकमा आमसञ्चार प्राधिकरण, मिडिया काउन्सिल, नेपाल पत्रकार महासंघ, सामुदायिक रेडियो प्रसारक संघ लगायतका प्रतिनिधिहरू तथा आमन्त्रित कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

समितिले आर्थिक वर्ष २०८२/०८३ का लागि विनियोजन गरिएको ७० लाख रुपैयाँ विभिन्न शीर्षकमा खर्च गर्ने निर्णय गरेको छ । यसमध्ये करिब ४ लाख रुपैयाँ विज्ञापन निर्माणमा खर्च गरिनेछ भने बाँकी रकम विज्ञापन प्रकाशन, प्रसारण, अनुगमन तथा व्यवस्थापनमा खर्च गरिने जनाइएको छ । विज्ञापन प्रकाशनका लागि पत्रपत्रिका, एफएम रेडियो, टेलिभिजन तथा अनलाइन मिडियालाई प्राथमिकता दिइनेछ । बैठकले विज्ञापन वितरणलाई पारदर्शी बनाउन दर्ता भएका सञ्चारमाध्यमहरूको पुनः मूल्यांकन गर्ने निर्णय पनि गरेको छ । दर्ता भएका १९४ पत्रपत्रिका, ६४ एफएम रेडियो, ११ टेलिभिजन र ११० अनलाइन पोर्टलमध्ये आवश्यक कागजात नपुगेका, नविकरण नगरेका, दोहोरिएका तथा प्रदेश बाहिरका सञ्चारमाध्यमलाई हटाएर मात्र योग्य माध्यमहरूलाई विज्ञापन उपलब्ध गराइनेछ । समितिले लोककल्याणकारी विज्ञापनलाई सामाजिक सचेतना अभिवृद्धि गर्ने माध्यमका रूपमा प्रयोग गर्ने निर्णय गरेको छ । टेलिभिजन विज्ञापनका लागि छोरी शिक्षा, बालविवाह रोकथाम, दाइजो प्रथा अन्त्य, सरसफाइ, महिला सशक्तिकरण, सडक सुरक्षा, कृषिमा आधुनिक प्रविधि, वैदेशिक रोजगारी सचेतना, लागुऔषध दुरुपयोग नियन्त्रण तथा जलवायु परिवर्तनजस्ता विषयलाई प्राथमिकता दिइएको छ । त्यस्तै, पत्रपत्रिकाका लागि शिक्षा, स्वास्थ्य सेवा पहुँच, कर तिर्ने बानी, मतदाता शिक्षा, स्वास्थ्य बीमा, कृषि अनुदान, महिला तथा बाल अधिकार, डिजिटल साक्षरता, आपतकालीन तयारी र सामाजिक सुरक्षा भत्तासम्बन्धी विषय समेटिनेछन् ।

समितिले विज्ञापन सामग्री नेपाली भाषासहित थारु, भोजपुरी र मैथिली भाषामा पनि तयार गर्ने निर्णय गरेको छ। यसले प्रदेशका विभिन्न समुदायमा सन्देश प्रभावकारी रूपमा पुग्ने विश्वास गरिएको छ । समितिले विज्ञापन वितरणलाई थप पारदर्शी, समावेशी र प्रभावकारी बनाउन मापदण्ड कडाइका साथ लागू गर्ने जनाएको छ ।

## महोत्तरीको एकडारा गाउँपालिका......................

निर्देशक डा. जामुन प्रसाद सिंहका अनुसार अजयलाई गम्भीर अवस्थामा अस्पताल ल्याइएको थियो। प्रारम्भिक उपचारपछि केही सुधार देखिए पनि थप उपचारका लागि न्युरो सर्जनको विशेष टोली आवश्यक पर्ने भएकाले अन्यत्र रेफर गरिएको हो । उपचारमा संलग्न न्युरो सर्जन डा. प्रद्युम्न कुमार यादवले अजयको अवस्था अत्यन्त गम्भीर रहेको बताउँदै उनलाई भेन्टिलेटरमा राखिएको जानकारी दिनुभयो। "सिभियर इन्जरी भएको छ, मस्तिष्कमा रगत जमेको छ । यहाँ सम्भव उपचार गरिरहेका छौं तर थप विशेषज्ञ सेवा आवश्यक छ," उहाँले भन्नुभयो ।

### तपाईको टुडे

मेष: विचार गरेर बोल्नुहोला
वृष: लामो यात्राको योग छ
मिथून: अनावश्यक चिन्ता
कर्कट: मित्रतामा फाटो आउने
सिंह: पिछडेको साथी मिल्ने
कन्या: खानपानमा समस्या आउने
तुला: अनावश्यक खर्चको संभावना
वृश्चिक: आम्दानी हुने
धनु: अशुभ समाचार प्राप्त हुने
मकर: पढाईमा ध्यान दिनुपर्ने
कूम्भ: मनमा पछुतो आउने
मीन: शुभ कार्यको शुरुवात

### मधेश प्रदेशको गौरव


श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

### आवश्यक टेलिफोन नम्बरहरु




#### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**


#### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

### जलेश्वरनाथ मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

### जानकी मन्दिर पुजाआजा




विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# अमेरिका र इरानका प्रतिनिधिमण्डल इस्लामाबाद पुग्दै, सुरक्षा व्यवस्था कडा

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २७ चैत्र**



हालै घोषणा गरिएको दुई हप्ताको युद्धविरामपछि मध्यपूर्वमा जारी तनाव कम गर्ने उद्देश्यले आयोजना हुन लागेको उच्चस्तरीय शान्ति वार्ताका लागि अमेरिका र इरानका प्रतिनिधिमण्डलहरू पाकिस्तानको इस्लामाबाद पुग्ने भएका छन् । शनिबारदेखि सुरु हुने यस वार्तालाई मध्यस्थता गरिरहेको पाकिस्तानले सुरक्षा र बन्दोबस्तीको तयारीलाई तीव्र पारेको छ ।

पाकिस्तानी गृहमन्त्री मोहसिन नक्वीले भ्रमणमा आउने सबै विदेशी प्रतिनिधिहरूको सुरक्षाका लागि व्यापक योजना तयार गरिएको बताउनुभएको छ । वार्तालाई सहज र सुरक्षित बनाउन राजधानी इस्लामाबाद र रावलपिंडीमा स्थानीय बिदा घोषणा गरिएको छ भने सहरको रंगरोकन र सजावटको काम समेत सुरु भएको छ । विदेशी प्रतिनिधिमण्डलहरूको आवागमनका लागि छुट्टाछुट्टै मार्गहरू तोकिएका छन् र 'ब्लू बुक' प्रोटोकल अन्तर्गत प्रहरी, अर्धसैनिक बल र अन्य सुरक्षा एजेन्सीहरू परिचालन गरिएको छ। रेड जोनमा रहेको पाँचतारे सेरेना होटललाई प्रतिनिधिमण्डलका लागि मात्र आरक्षित गरिएको छ । यस्तै, प्रहरीले एक्सप्रेस हाइवेमा डाइभर्सनको व्यवस्था गरेको छ भने अस्पताल र उद्धार सेवाहरूलाई उच्च सतर्कतामा राखिएको छ । इरानको स्टुडेन्ट्स न्यूज एजेन्सीका अनुसार इरानी संसद्का सभामुख मोहम्मद बाकर कालिबाफले तेहरानको टोलीको नेतृत्व गर्नेछन्। अमेरिकी टोलीको नेतृत्व भने उपराष्ट्रपति जेडी भान्सले गर्ने तय भएको छ, जसमा वरिष्ठ राजदूत स्टिभ विटकफ र जारेड कुशनर समेत सहभागी हुने ह्वाइट हाउसले जनाएको छ ।

अमेरिका र इजरायलले इरानमा गरेको समन्वयात्मक आक्रमणमा सर्वोच्च नेता आयातोल्लाह अली खामेनीको मृत्यु भएको ठिक ६ हप्तापछि यो वार्ता हुन लागेको हो । जारी द्वन्द्वका कारण हजारौंको ज्यान गइसकेको छ भने विश्वको महत्त्वपूर्ण तेल मार्ग बन्द हुँदा ऊर्जाको मूल्य अकासिएको छ । पाकिस्तानको मध्यस्थतामा भएको दुई हप्ते युद्धविरामपछि हुन लागेको यो पहिलो चरणको बैठकले विश्वभरि आशा जगाएको छ ।

# थलापति विजयको 'जन नायकन' रिलिज अघि नै अनलाइनमा लिक

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २७ चैत्र**



तमिल सुपरस्टार थलापति विजयको बहुप्रतिक्षित फिल्म 'जन नायकन' प्रदर्शन अगाडि नै अनलाइनमा लिक भएको छ । सेन्सर बोर्डसँगको विवादका कारण प्रदर्शन मिति अन्योलमा रहेको फिल्मको एचडी प्रिन्ट पाइरेटेड वेबसाइटहरूबाट लिक भएका हुन् ।

यसअघि फिल्मलाई ९ जनवरीमा पोङ्गलको अवसर पारेर रिलिज गर्ने योजना बनाइएको थियो । तर, सेन्सर सर्टिफिकेट पाउन ढिलाइ भएपछि प्रदर्शन स्थगित गरिएको थियो । फ्यानहरू फिल्मको नयाँ रिलिज मितिको प्रतीक्षा गरिरहेका बेला पूरै फिल्म नै लिक भएपछि यसले ठुलो हलचल पैदा गरेको छ। बलिउड मिडियाका रिपोर्ट अनुसार, केही दिनअघि फिल्मको इन्ट्रो सिन, टाइटल र क्लाइमेक्सका केही भिडियो क्लिपहरू सामाजिक सञ्जालमा भाइरल भएका थिए । मेकरहरूले ती क्लिपहरू हटाउने प्रयास गरिरहेकै बेला अहिले पूरै फिल्म नै बाहिर आएको हो ।

फिल्म हलमा लाग्नुअघि नै यसरी अनलाइनमा उपलब्ध हुनुलाई मेकरहरूका लागि ठुलो आर्थिक घाटा मानिएको छ । फिल्म लिक भएको खबर सार्वजनिक भएपछि विजयका फ्यानहरूले सामाजिक सञ्जालमा आक्रोश व्यक्त गरेका छन् । उनीहरूले पाइरेसी गर्नेहरूमाथि कडा कारबाहीको माग गरेका छन् । मेकरहरूले पनि अवैध रूपमा फिल्मको लिंक सेयर गर्ने र डाउनलोड गर्नेहरू विरुद्ध कानुनी कारबाही गरिने चेतावनी दिएका छन् । 'जन नायकन' लाई थलापति विजयको अभिनय करियरको अन्तिम फिल्म मानिएको छ । यस फिल्मपछि उनी पूर्ण रूपमा राजनीतिमा सक्रिय भएका छन् । त्यसैले पनि यो फिल्मलाई लिएर दर्शकमाझ निकै उत्साह छ ।

# निजी क्षेत्र र सरकारबीच सहकार्य सुदृढ भएमात्र आर्थिक समृद्धि सम्भव : राष्ट्रपति पौडेल

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २७ चैत्र**



राष्ट्रपति रामचन्द्र पौडेलले मुलुकको आर्थिक समृद्धिका लागि उद्योग व्यवसायको प्रवर्द्धन, लगानीमैत्री वातावरण निर्माण तथा उद्यमशीलताको विकासमा निजी क्षेत्रको भूमिका अत्यन्त महत्वपूर्ण रहेको बताएका छन् ।

नेपाल चेम्बर अफ कमर्सको ७५औं हीरक जयन्ती वर्ष तथा वार्षिक साधारण सभा उद्घाटन समारोहलाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले निजी क्षेत्रको प्रतिनिधिमूलक पहिलो संस्था नेपाल चेम्बर अफ कमर्सले सरकार, सरोकारवाला निकाय, कूटनीतिक नियोग तथा विकास साझेदारहरूसँग गर्दै आएको सहकार्य प्रशंसनीय रहेको उल्लेख गरे । 'मुलुकको आर्थिक समृद्धि उद्योग व्यवसायको प्रवर्द्धन लगानीमैत्री वातावरण निर्माण तथा उद्यमशीलताको विकासमा निजी क्षेत्रको प्रतिनिधिमुलक पहिलो यस संस्थाले निरन्तर योगदान प्रशंसनीय छ । नेपाल चेम्बर अफ कमर्सले सरकार, सरोकारवाला निकाय, कुटनीतिक नियोग तथा विकास साझेदारहरुसँग गर्दै आएको सहकार्य र खेलेको भूमिका सराहनीय छ,' उनले भने । उनले नीति निर्माणमा वस्तुपरक विश्लेषण, अर्थतन्त्रका चुनौतीहरूमा स्पष्ट धारणा तथा व्यवहारिक सुझावमार्फत चेम्बरले प्रभावकारी भूमिका निर्वाह गर्दै आएको बताए । कोभिड महामारीको प्रभाव, आपूर्ति शृङ्खलामा आएको अवरोध, उत्पादन तथा व्यापारमा गिरावट र त्यसपछिको आर्थिक व्यवस्थापनमा देखिएको कमजोरीले अर्थतन्त्र प्रभावित भएको उल्लेख गर्दै राष्ट्रपति पौडेलले यस्तो अवस्थामा सरकार र निजी क्षेत्रबीचको समन्वय अझ सुदृढ हुनुपर्नेमा जोड दिए ।

उनले भने, 'नीति निर्माणमा बस्तुपरक विश्लेषण अर्थतन्त्रका चुनौतीहरुमा स्पष्ट धारणा र व्यवहारिक सुझावहरु प्रदान गर्दै यस संस्थाले आफ्नो भूमिका प्रभावकारी बनाउँदै लगेको छ ।

# मधेशमाथि बागमतीको महत्वपूर्ण जित, प्रतिशको ५ विकेट

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २७ चैत्र**




बाँयाहाते पेस बलर प्रतिश जिसीले ५ विकेट लिएपछि पीएम कप पुरुष राष्ट्रिय क्रिकेटमा बागमती प्रदेशले मधेश प्रदेशमाथि महत्त्वपूर्ण जित हासिल गरेको छ । शुक्रबार वीरगन्जमा भएको खेलमा बागमतीले मधेशलाई ३५ रनले पराजित गरेको हो ।

बागमतीले दिएको २०९ रनको लक्ष्य पछ्याएको मधेश ३४.३ ओभरमा १७३ रनमा अलआउट भयो । मयन यादवले सर्वाधिक ४० रन बनाए । आदिल आलमले २७, कप्तान अनिल साहले २६, विशाल सुस्लिङले २१ रन बनाए । मोहम्मद समिरले १६ रन बनाए । अभिषेक तिवारीले १० रन बनाए । बागमतीका प्रतिशले ९.३ ओभरमा ५५ रन खर्चेर ५ विकेट लिए । रिजन ढकालले २ तथा कप्तान सन्दीप लामिछाने र सुवास खत्रीले १-१ विकेट लिए । त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको बागमतीले ४८.४ ओभरमा अलआउट हुँदै २०८ रन बनाएको थियो । उत्तम मगरले सर्वाधिक ४४ रन बनाए भने कप्तान सन्दीपले ३६ रन बनाए । रिङ्जिन लामाले २९ अनि आशुतोष घिरैयाले १८ रन बनाए । मधेशका लागि पवन सर्राफले १० ओभरमा ३१ रन दिएर ३ विकेट लिए । आदिल आलम र रन्जित कुमारले २-२ तथा विशाल पटेल, अभिषेक तिवारी र अरनिको यादवले १-१ विकेट लिए ।

योसँगै ८ खेलमा चौथो जित हासिल गरेको बागमती प्रदेश ८ अंकका साथ छैटौं स्थानमा उक्लिएको छ र जय ट्रफीका लागि छनोट हुने सम्भावना बलियो बनाएको छ । जय ट्रफीमा अबदेखि ६ टोलीले खेल्दै छन् ।

# मधेश प्रदेशको नीति निर्माणमा बालअधिकार केन्द्रमा राख्न दबाब

**मोनू गुप्ता**
**जनकपुरधाम, २७ चैत्र**



मधेश प्रदेशको आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा बजेट निर्माण प्रक्रियामा बाल अधिकार लाई केन्द्रमा राख्न नागरिक समाज संस्थाहरूले दबाब दिएका छन्।

नागरिक समाज द्वारा पेश गरिएको सुझावमा बालस्वास्थ्य, पोषण, गुणस्तरीय शिक्षा, बाल सुरक्षा तथा जलवायु परिवर्तनका असर न्यूनीकरणलाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिइएको छ। साथै बालश्रम र बालविवाह न्यूनीकरणका लागि कडा कानुनी कार्यान्वयन आवश्यक रहेको उल्लेख गरिएको छ। सुझावमा स्थानीय तहको बजेटमा कम्तीमा १० प्रतिशत रकम बालबालिकाका लागि अनिवार्य रूपमा छुट्याउनुपर्ने मागसमेत समावेश गरिएको छ। कार्यक्रममा इन्सेकका प्रदेश संयोजक राजु पासमान, सबल नेपालका नीर बहादुर आले, लाइफ नेपालका सुजिता कुमार झा, कान्तिपुरका अजित तिवारी तथा नील हिरा समाज, जनकपुरका प्रदीप कुमार यादव लगायतको उपस्थिति रहेको थियो । त्यस्तै, बाल सञ्जालका प्रतिनिधिहरू शिवशंकर मण्डल (बाल क्लब सञ्जाल, सप्तरी), कल्पना कुमारी साह र महिमा साह (मधेश प्रदेश बाल सञ्जाल) को पनि सक्रिय सहभागिता रहेको थियो ।उक्त सुझाव दस्तावेज नीति तथा योजना आयोग, मधेश प्रदेशका सदस्य डा. शिला मिश्र लाई औपचारिक रूपमा बुझाइएको छ।

# दन्त स्वास्थ्यकर्मीको समूहद्वारा परिषद्का अध्यक्षको कार्यकक्षमा तालाबन्दी

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २७ चैत्र**



दन्त स्वास्थ्यकर्मीको समूहले माग पुरा नभएको भन्दै शुक्रबार नेपाल स्वास्थ्य व्यवसायी परिषद्का अध्यक्षको कार्यकक्षमा तालाबन्दी गरेका छन् । डेन्टल साइन्स हाईजेनिस्ट एसोसिएसन अफ नेपालको अगुवाईमा समूहले अध्यक्ष डा.सुवोधकुमार शर्माको कार्यकक्षमा तालाबन्दी गरेका हुन् ।

एशोसिएसनका अध्यक्ष माइकल देवकोटाका अनुसार नेपाल स्वास्थ्य व्यवसायी परिषद् ऐन, २०५३ अनुसार परिषद् पूर्ण रूपमा गठन हुन नसकेको, समयमै सदस्य नियुक्ति नभएको तथा विभिन्न पेशागत समूहहरूको समावेशी प्रतिनिधित्व नहुँदा परिषद्को नियमित कामकारबाही प्रभावित बनेको छ । दन्त स्वास्थ्यकर्मीको पेशागत अधिकार, सेवा गुणस्तर तथा आम नागरिकको स्वास्थ्य अधिकारमा समेत असर परेको देवकोटाको भनाइ छ । एसोसिएसनले दन्त स्वास्थ्य क्षेत्रमा कार्यरत डेन्टल साइन्स, डेन्टल हाइजिनिस्ट, डेन्टल असिस्टेन्ट लगायतलाई स्पष्ट मापदण्डका आधारमा दर्ता गरी काम गर्ने वातावरण बनाउनुपर्ने माग पनि अघि सारेको छ । हाल दर्ता प्रक्रियामा अस्पष्टता रहेको र त्यसले पेशागत अन्योल सिर्जना गरेको उहाँको भनाइ छ । परिषद्मा देखिएको नेतृत्व तथा प्रशासनिक कमजोरीका कारण दर्ता, नवीकरण, व्यावसायिक विकास ( सीपीडी) तथा अनुशासनात्मक कारबाहीजस्ता काम प्रभावकारी रूपमा सञ्चालन हुन नसकेको एसोसिएसनको आरोप छ । यसले सम्पूर्ण स्वास्थ्य व्यवसायीहरूको पेशागत भविष्य र सेवाको गुणस्तरमा नकारात्मक असर परेको उहाँले जानकारी दिनुभयो । परिषद्द्वारा जारी गरिएका लाइसेन्सको प्रतिलिपि उपलब्ध गराउने व्यवस्था मिलाउन, मन्त्रालयसँग भएको सम्झौता कार्यान्वयन गर्न तथा परिषद्माथि छानबिन गर्न एसोसिएसनले माग गरेको छ ।

# कांग्रेसको विघटन कि विनिर्माण ?

- नेपाली कांग्रेसमा निरन्तर शक्ति संघर्ष, गुटबन्दी र विवादका कारण पार्टीको अस्तित्व र एकता नै संकटमा परेको छ। पार्टीलाई पुनर्जीवन दिन सैद्धान्तिक, संरचनागत र नेतृत्वमा आमूल परिवर्तन गर्दै जनमुखी, उदार र प्रगतिशील पार्टीका रूपमा विनिर्माण गर्नुपर्ने आवश्यकता देखिएको छ। यदि समयमै सुधार र पुनर्निर्माण नगरे कांग्रेस क्रमिक रूपमा विघटनतर्फ उन्मुख हुने खतरा रहेको विश्लेषण गरिएको छ । सदाबहार शक्ति-संघर्ष, चिरस्थायी गुटबन्दी र अन्त्यहीन विवादको कारणले विभाजन र एकताको चक्रव्यूहबाट गुज्रिँदै आएको कांग्रेस अहिले पुनः सोही अभिशप्त नियतिको कठघरामा उभिएको छ । एकातिर, निर्वाचनमा रास्वपाको अभूतपूर्व विजय र कांग्रेसको लज्जास्पद पराजयले केन्द्रीय नेतादेखि स्थानीयस्तरका कार्यकर्ता पंक्तिसम्मलाई गम्भीर राजनीतिक तथा मनोवैज्ञानिक आघात परेको देखिन्छ । अर्कोतिर, शेरबहादुर देउवा-शेखर कोइराला समूह विशेष महाधिवेशनविरुद्ध सर्वोच्च अदालत गएपछि सिर्जना भएको आन्तरिक संकट निर्वाचनपछि पनि समानान्तर बैठक र अस्वाभाविक गतिविधिलाई निरन्तरता दिएपछि थप गहिरिँदै गएको देखिन्छ ।

विवाद, विभाजन र एकता वंशाणुगत विशेषता भएको कांग्रेसमा यस्ता विवादित गतिविधिले एकता र अस्तित्वको दुवै दृष्टिले एकै पटक संशयपूर्ण प्रश्न खडा भएको छ। के कांग्रेस विभाजनतर्फ उन्मुख भएकै हो ? सैद्धान्तिक, वैचारिक र वर्गीय धरातल बलियो भएर पनि कांग्रेस किन यति कमजोर भयो ? कांग्रेस असान्दर्भिक भएको हो कि पूर्ववर्ती नेतृत्वको असफलता ? के कांग्रेसले पुनर्जीवन पाउने सम्भावना छ ? भन्ने जस्ता प्रश्न-प्रतिप्रश्नहरू राजनीतिक वृत्तमा बहसको विषय भएका छन्। केही राजनीतिशास्त्री र विश्लेषकहरूले केवल 'कस्मेटिक' सुधार, रूपान्तरण र पुनर्गठन मात्रै होइन, कांग्रेसलाई विनिर्माण वा पुनर्निर्माण नै गर्नुपर्ने सुझाव दिएका छन् । यदि विनिर्माण वा पुनर्निर्माण नगरे कांग्रेस विघटनको दिशातर्फ उन्मुख हुन सक्ने भविष्यवाणीसमेत गरेका छन् । २०औं शताब्दीमा फ्रान्सेली दार्शनिक ज्याक डेरिडाले प्रतिपादन गरेको विनिर्माण ( डिकन्स्ट्रक्सन) सिद्धान्त मूलतः भाषा, साहित्य र दर्शनसँग सम्बन्धित छ। स्थापित वा पुरातन मूल्य-मान्यता, सिद्धान्त, अर्थ र संरचनालाई आलोचनात्मक आयामबाट विश्लेषण वा प्रश्न गरेर विकसित हुने नूतन सिद्धान्तलाई विनिर्माण भनिन्छ । अर्थात् विनिर्माण भन्नाले मौलिक रूपमा रूपान्तरण वा पुनःसंरचना वा पुनर्निर्माण हो। तर कांग्रेसलाई विनिर्माण कसरी गर्ने ? पपुलिजम, अनुदारवाद र राष्ट्रवादका कारणले लोकतान्त्रिक र मध्यमार्गी पार्टीलाई विश्वव्यापी रूपमा नै गम्भीर चुनौती सिर्जना भइरहेको घडीमा अहिलेको सबैभन्दा जटिल र अनुत्तरित प्रश्न यही हो । सैद्धान्तिक तथा वैचारिक पुनर्व्याख्या : राष्ट्रियता, लोकतन्त्र र समाजवाद कांग्रेसका मार्गदर्शक सिद्धान्त हुन्। २०औं शताब्दीको अन्त्यसम्म निश्चित राजनीतिक दर्शन, सिद्धान्त र वर्गीय आधारमा पार्टी स्थापित हुने प्रवृत्ति थियो । नेपालको कांग्रेस मात्रै होइन, अमेरिकाका डेमोक्रेटिक र रिपब्लिकन, बेलायतका कन्जरभेटिभ र लेबर, भारतका बीजेपी र कांग्रेसलगायतका पार्टी पनि सोही उद्देश्य र प्रक्रियाबाट स्थापित भएका थिए। तर २१औं शताब्दीको पाँचौं औद्योगिक क्रान्तिको युगमा परम्परागत वाद वा विचारधारा विशेषका आधारमा मात्रै पार्टी निर्माण हुने परम्परागत पद्धति तथा प्रवृत्ति परिवर्तन भएको छ। १९औं र २०औं शताब्दीभन्दा अहिलेका समस्या जटिल र चुनौतीपूर्ण छन् । आर्थिक असमानता, जलवायु परिवर्तन, तापक्रम वृद्धि, दिगो तथा हरित विकास, पर्यावरणीय असन्तुलन, बेरोजगारी, आर्टिफिसियल इन्टेलिजेन्स, गिग अर्थतन्त्र, डिजिटलाइजेसन, आप्रवासन जस्ता नयाँ समस्या र चुनौती सिर्जना भएका छन्।

अहिले जनताका लागि परम्परागत दर्शन, वाद र सिद्धान्तभन्दा विचार, नीति र एजेन्डा प्रमुख प्राथमिकता हुन्। समाजवाद, उदारवाद, साम्यवाद जस्ता ठूला, कोरा र अमूर्त वादप्रति जनताको चासो छैन । प्रत्यक्ष र तत्काल अनुभूत गर्ने आर्थिक विकास, विधिको शासन, सुशासन, भ्रष्टाचार नियन्त्रण, सर्वसुलभ सेवा प्रवाह, गुणस्तरीय शिक्षा, स्वास्थ्य, यातायात, रोजगारी, पारदर्शिता, उत्तरदायित्व जनताका प्रमुख एजेन्डा हुन् । अहिले जनताले शास्त्र र सिद्धान्तभन्दा पनि डेलिभरी खोजिरहेका छन्।

शास्त्रीय चिन्तन, शास्त्रीय दृष्टिकोण र शास्त्रीय सोचको अर्थ छैन । यदि देश र जनताका समस्या समाधान गर्ने नीति र कार्यक्रममा रूपान्तरित नभए कोरा सिद्धान्त र अमूर्त विचारधाराको औचित्य छैन । त्यसैले शास्त्रीय सिद्धान्तवादीभन्दा गतिशील विचार र नीतिप्रधान कांग्रेस विनिर्माणको पूर्व सर्त हो। अहिले जनताका लागि परम्परागत दर्शन, वाद र सिद्धान्तभन्दा विचार, नीति र एजेन्डा प्रमुख प्राथमिकता हुन् ।उक्त वास्तविकतालाई आत्मसात् गर्दै हालसम्म अनुसरण गर्दै आएका वाद, विचारधारा र सिद्धान्तका बारेमा समीक्षा गरी कांग्रेसले अब स्पष्ट मार्गचित्र तय



गर्नु अपरिहार्य छ । कांग्रेसले परिकल्पना गरेको लोकतान्त्रिक, समुन्नत र समन्यायिक समाज निर्माण गर्न आफ्ना विचार, सिद्धान्त र नीतिहरू समयानुकूल परिमार्जन, व्याख्या र पुनर्व्याख्या गर्नु आवश्यक छ। यो स्वाभाविक राजनीतिक प्रक्रिया हो किनभने कुनै पनि सिद्धान्त र विचार गतिशील र परिवर्तनशील हुन्छ। विशेषगरी लोकतान्त्रिक समाजवादलाई परिवर्तित आर्थिक-सामाजिक परिदृश्यमा पुनर्विचार वा समयानुकूल पुनःपरिभाषित गर्नु आवश्यक छ। कांग्रेसले समावेशी आर्थिक वृद्धिमा आधारित प्रगतिशील र उदारवादी अर्थनीति अनुसरण गर्नुपर्छ, जसले उत्पादनमुखी र रोजगारमूलक अर्थतन्त्र सुनिश्चित गर्नेछ। त्यसैले विनिर्माणको प्रारम्भ सैद्धान्तिक-वैचारिक स्पष्टताबाट गर्नुपर्छ।

तर आसन्न १५औं महाधिवेशनको बन्दसत्रमा मात्रै होइन, यस्तो गम्भीर सैद्धान्तिक-वैचारिक विषयमा अहिलेदेखि नै घनीभूत छलफल, बहस र विमर्श गर्नु आवश्यक छ। नीति र नेतृत्व दुवै दृष्टिले संक्रमणकालबाट गुज्रिरहेको कांग्रेसको भविष्यका लागि १५औं महाधिवेशन 'टर्निङप्वाइन्ट' हुनेछ भने कांग्रेसजनहरूका लागि अग्निपरीक्षा । सभापति गगन थापाले विगत लामो समयदेखि सैद्धान्तिक-वैचारिक पुनर्व्याख्याको माग गर्दै आएका छन् र आफ्नो वैकल्पिक दृष्टिकोण पनि पेस गरेका छन्। थापाले उदारवादी, प्रगतिशील र बहुलवादी धारको नेतृत्व गरेको देखिन्छ, जुन उपयुक्त छ । त्यसैले कांग्रेसलाई कन्जरभेटिभ होइन, थप लोकतान्त्रिक, उदार र प्रगतिशील पार्टीका रूपमा रूपान्तरण गरिनुपर्छ । यदि कन्जरभेटिभ धारतर्फ उन्मुख भयो भने थप असान्दर्भिक हुनेछ । पार्टी पुनर्निर्माण : कांग्रेसको संरचना परम्परागत र पार्टी प्रणाली मृतप्रायः छ । पार्टी संरचना अत्यन्त भद्दा र अनावश्यक छन्। केन्द्रदेखि गाउँसम्मका संरचनाहरू गतिशील र कार्यमूलक छैनन् । कांग्रेसका नेता-कार्यकर्ताले सिद्धान्तलाई भन्दा सत्तालाई र संस्थालाई भन्दा गुटलाई विशेष प्राथमिकता दिँदै आएको देखिन्छ । कांग्रेस नीतिप्रधान होइन, नेताप्रधान पार्टी भएको छ । कांग्रेसका कार्यकर्ताहरू पनि जनतामुखी होइन, नेतामुखी छन् । उनीहरू जनताको होइन, नेताहरूको घरदैलो गर्छन् । यो उनीहरूको जीवन पद्धति बनिसकेको छ। त्यसैले कांग्रेसका नेतादेखि कार्यकर्तासम्म सबै जनताबाट विमुख भएका छन् । पार्टीको आन्तरिक लोकतन्त्र कमजोर छ। निर्णय प्रक्रिया पनि विधिसम्मत, सहभागितामूलक र समावेशी हुँदैनन् । त्यसैले कांग्रेसका अधिकांश निर्णयहरू विवादित हुँदै आएका छन् । कांग्रेसको सान्दर्भिकता र भविष्यका लागि एक दशक अगाडि नै मौलिक रूपमा पुनर्गठन वा रूपान्तरण गर्नुपर्ने थियो। विगत दुई दशकदेखि यो एजेन्डा बौद्धिक समुदाय, सञ्चारमाध्यम, सामाजिक सञ्जाल र नागरिक समाजले सशक्त रूपमा उठाउँदै आएको छ । गगन थापा, प्रदीप गिरि, नरहरि आचार्यहरूले पनि कांग्रेसभित्रैबाट यो एजेन्डाको वकालत गर्दै आएका हुन् । तर नेतृत्वले कसैको विचार सुनेन । त्यसैले सांगठनिक दृष्टिले पनि अब कांग्रेसलाई विनिर्माण वा पुनर्निर्माण नै गर्नुपर्ने अपरिहार्य परिवेश सिर्जना भएको छ। होइन भने यथास्थितिमा कांग्रेसको भविष्य छैन । यदि कांग्रेसलाई पुनर्जीवन दिने हो भने अब लोकतन्त्रवादी पार्टीको आधारभूत सिद्धान्त र चरित्रअनुसार कार्यकर्तामा आधारित (क्याडर बेस्ड) होइन, जनतामा आधारित (मास बेस्ड) उदार र खुला पार्टीका रूपमा रूपान्तरित गर्नुपर्छ । नेताप्रधान होइन, नीतिप्रधान पार्टीको रूपमा रूपान्तरण गर्नुपर्छ । पार्टीका कार्यकर्ता नेताप्रति बफादार होइन, नेतादेखि कार्यकर्तासम्म सबै जनताप्रति उत्तरदायी हुने प्रणाली विकसित गर्नुपर्छ । सदस्यता प्रणाली पनि विवादित र नियन्त्रणमुखी छ । पार्टीको भविष्य, जनाधार र संगठन विस्तारको दृष्टिले होइन, गुटगत उद्देश्य, रणनीति र गणितीय जोड-घटाउका आधारमा सदस्यता वितरण गरिन्छ । तर लोकतन्त्रवादी पार्टीले संगठन र सदस्यता प्रणाली पनि लोकतान्त्रिक र उदार बनाउनुपर्छ । क्रियाशील र साधारण गरी दुई सदस्यता प्रणाली अन्त्य गरी एकल सदस्यता प्रणाली लागू गर्नुपर्छ । हालसम्म प्रतिनिधिमूलक रूपमा नेतृत्व चयन गरिँदै आएको छ । तर अब पार्टी सदस्यहरूबाटै प्रत्यक्ष प्रक्रियामार्फत वडादेखि केन्द्रसम्मको नेतृत्व चयन गर्नु उपयुक्त हुनेछ । यसैगरी विशेष महाधिवेशनबाट पारित भएअनुसार प्राइमरी निर्वाचनबाटै टिकट वितरण गर्नुपर्छ ।

यदि कांग्रेसलाई पुनर्जीवन दिने हो भने अब लोकतन्त्रवादी पार्टीको आधारभूत सिद्धान्त र चरित्रअनुसार कार्यकर्तामा आधारित (क्याडर बेस्ड) होइन, जनतामा आधारित (मास बेस्ड) उदार र खुला पार्टीका रूपमा रूपान्तरित गर्नुपर्छ । नेताप्रधान होइन, नीतिप्रधान पार्टीको रूपमा रूपान्तरण गर्नुपर्छ । बौद्धिक, व्यावसायिक र आफ्नो क्षेत्रमा स्थापित विज्ञ तथा विशिष्ट व्यक्तित्वलाई न्यायोचित स्थान र भूमिकाको व्यवस्था छैन । यही कारणले कांग्रेसप्रति आकर्षण छैन । बौद्धिक, व्यावसायिक तथा विज्ञहरूले सकारात्मक योगदान गर्न सक्ने भएकाले उनीहरूलाई 'ल्याटरल इन्ट्री' (विशेष प्रक्रियामार्फत पार्टीमा उचित स्थान र भूमिका सुनिश्चित गर्ने प्रणाली) प्रावधान लागू गर्नु आवश्यक छ । किनभने जहिलेसम्म सम्पूर्ण लोकतन्त्रवादीहरूको साझा मञ्च बन्न सक्दैन, तहिलेसम्म कांग्रेसले पुनर्जीवन पाउन सक्दैन । यसैगरी युवा, विद्यार्थी, महिला, मजदुर, आदिवासी-जनजाति, दलितबाहेकका भ्रातृ संस्थाहरूका बारेमा समेत पुनर्विचार गरी खारेज गर्नुपर्छ । कर्मचारी, प्राध्यापक, शिक्षक, चिकित्सक, कानुन व्यवसायी, इन्जिनियरिङ, पत्रकारिता जस्ता गैरराजनीतिक र व्यावसायिक क्षेत्रका शुभेच्छुक संस्था खारेज गर्नुपर्छ । अब कार्यकर्तामा आधारित पार्टी, पूर्णकालीन कार्यकर्ता तथा आजीवन नेतृत्व पंक्तिमा रहने अध्याय अन्त्य भइसकेको छ। पार्टी र सरकारको नेतृत्वका लागि दुई कार्यकाल र ६५ देखि ७० वर्षमा अनिवार्य अवकाश वा कार्यकारी भूमिकाका लागि स्वतः अयोग्य हुने वैधानिक प्रावधान गर्नुपर्छ ।

यस्तो व्यापक पुनर्गठन र रूपान्तरण प्रक्रियालाई वैधानिक रूपमै सुनिश्चित गर्न १५औं महाधिवेशनबाट विधान पनि संशोधन गर्नुपर्छ। भिजनरी नेतृत्व : पार्टीमा विचार र संगठनको जति महत्त्वपूर्ण भूमिका हुन्छ, त्यत्तिकै निर्णायक भूमिका हुन्छ- नेतृत्वको। कांग्रेस यसरी कमजोर हुनुको प्रमुख कारण पूर्ववर्ती शेरबहादुर देउवाको असफल र अलोकप्रिय नेतृत्व हो ।

**सांभार : कान्तिपुर ।**

"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क –: दिलीप कुमार साह :–
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला




प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम-४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday